# मासु मिसन कार्यक्रमको प्राबिधिक मापदण्ड तथा संचालन विधि, २०७८

"कृषि क्षेत्रमा अनुदान परिचालन (पहिलो संशोधन) कार्यविधि, २०७७" को दफा ४ को उपदफा २ लाई आधार लिई श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (मन्त्रिस्तरीय निर्णय) वाट तत्काल लागू हुने गरी यो मापदण्ड तथा कार्य संचालन विधि स्वीकृत गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्ड तथा संचालन विधिको नाम "मासु मिसन कार्यक्रमको प्राबिधिक मापदण्ड तथा संचालन विधि, २०७८" रहेको छ ।

(२) यो मापदण्ड तथा संचालन विधि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको मन्त्रिस्तरीय निर्णयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्ड तथा संचालन विधिमा,-

(क) "मन्त्रालय" भन्नाले भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशलाई सम्झनुपर्छ।

(ख) "महाशाखा" भन्नाले भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश अन्तर्गतको पशुपंक्षी विकास महाशाखालाई सम्झनुपर्छ।

(ग) "सुपरीवेक्षक" भन्नाले कार्य सम्पन्न प्रतिवेदन तथा भूक्तानी सिफारिस गर्न मन्त्रालयले तोकेको पशुपंक्षी विकास महाशाखाको कर्मचारीलाई सम्झनुपर्छ।

३. उद्देश्यः(क) मासु र मासुजन्य पदार्थको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने।

(ख) मासु मुल्य श्रृङ्खलामा आधारित व्यापार/व्यबसाय तथा उधोग प्रबर्द्धन मार्फत रोजगारी अभिबृद्धि गर्ने।

(ग) गुणस्तरीय मासु र मासुजन्य उत्पादनको उपलब्धता सुनिश्चित गर्दै उपभोक्ता हित संरक्षणमा टेवा पुर्याउने।

(घ) मासु तथा मासुजन्य पदार्थमा प्रादेशिक आत्मनिर्भता हासिल गर्दै आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धन गर्ने प्रादेशिक अभियानमा सहयोग गर्ने।

४. सुचना प्रकाशनः (१) कार्यालयले कम्तिमा १५(पन्ध्र) दिनको म्याद दिई फारम नं.१ बमोजिमको ढाँचामा राष्ट्रिय दैनिक पत्रिकामासूचना प्रकाशन गर्नु पर्नेछ। उक्त म्यादभित्र आवश्यक परिमाण भन्दा कम आवेदन

पर्न आएमा पुनः दोश्रो पटक थप ७ दिनको म्याद दिई सुचना प्रकाशन गर्नु पर्ने छ। दोश्रो पटकको सुचनाको म्याद भित्र जतिसुकै संख्यामा आवेदन/प्रस्ताब पर्न आएमा कार्यक्रम संचालन गर्न बाधा पुग्ने छैन।

(२) सूचना प्रकाशन भएको म्याद भित्र आनुदानग्राहीले फा.नं. २ बमोजिमको ढाँचामा प्रस्ताव/आवेदन र फा.नं. ३ बमोजिमको कार्य योजना एवं आवश्यक कागजातहरु सिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

(३) सिलबन्दी प्रस्ताव/आवेदन पेश गर्ने अन्तिम दिन, तोकिएको म्याद सकिनासाथ आवेदन दर्ता रजिष्टरलाई रितपूर्वक बन्द गर्नु पर्नेछ।

५. बार्षिक कार्ययोजना, लागत अनुमान ,प्राबिधिक मापदण्ड र स्पेसिफिकेशन: (१)मासु मिसन कार्यक्रम संचालन गर्दा कृषि क्षेत्रमा अनुदान परिचालन (पहिलो संशोधन) कार्यविधि,२०७७ बमोजिम लागत अनुमान तयार गर्नु पर्नेछ। विनियोजित बजेटको परिधि भित्र रही निम्न अनुसारको प्याकेज बमोजिम कार्यक्रम संचालन गर्नु पर्नेछ ।

(१.१) ठुला पाडा फार्म

| क्र.सं. | क्रियाकलाप (Activities) | ईकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | पाडा संख्या प्रति संस्था (न्यूनतम) | संख्या | ५० | अनुदानग्राहीको तर्फवाट हुनुपर्ने र न्यूनतम उमेर १ बर्ष |
| २ | गोठको निर्माण | संख्या | १ | भुँई, छाना, ट्रस, पर्खाल, डुंड, नाला, बायोसेक्यूरिटी गेट लगायत |
| ३ | पशु स्वास्थ्य सेवा | पटक | १ | परजिवी नियन्त्रण, खोप तथा पशु उपचार सेवा |

| | | | | |
|---|---|---|---|---|
| ४ | पशु आहारा | पटक | १ | बहुबर्षे/बर्षे/हिउँदे घाँस/हे/ पराल/ फिड सप्लिमेन्ट/साईलेज/ डि.टि.एम.आर./एजोला/ यूरिया मोलासेस मिनरल ब्लक |
| ५ | वायो ग्यास प्लान्ट तथा भर्मि कम्पोष्ट पिट निर्माण | संख्या | १ | ८ घनमिटर र भर्मि कम्पोष्ट पिट-८×८ फिट |
| ६ | ईलेक्ट्रिक च्याफकटर | संख्या | १ | २ एच. पी. |
| ७ | साईलेज मेसिन/साईलो पिट/दाना बनाउने मेसिन | संख्या | १ | मोटर अपरेटेड साईलेज कटिङ्ग र प्याकिङ्ग-३-४ ड्रम/ साईलो पिट-१०×१० फिट/दाना बनाउने मेसिन-२ एच. पी. (न्यूनतम) |
| ८ | रबर म्याट | संख्या | ५० | लम्बाई चौडाई ६×४ फिट, ३० कि.ग्रा. तौल र १७ एम.एम. मोटाई (न्युनतम) |
| ९ | व्हील ब्यारो | संख्या | २ | |
| १० | सेड क्लिनिङ्ग पम्प/हाई प्रेसर वासर | संख्या | १ | १८०० वाट्ट |
| ११ | पशुहरुको वीमा | पटक | १ | |
| १२ | पाडा पालन सम्वन्धि अभिमुखीकरण गोष्ठी | पटक | १ | १ दिने |

(१.२) साना पाडा फार्म

| क्र.सं. | क्रियाकलाप (Activities) | ईकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | पाडा संख्या प्रति संस्था (न्यूनतम) | संख्या | २० | अनुदानग्राहीको तर्फवाट हुनुपर्ने र न्यूनतम उमेर १ बर्ष |
| २ | गोठको मर्मत/सुधार | संख्या | १ | भुँई, छाना, ट्रस, पर्खाल, डुँड, नाला, बायोसेक्यूरिटी गेट लगायत |
| ३ | पशु स्वास्थ्य सेवा | पटक | १ | परजिवी नियन्त्रण, खोप तथा पशु उपचार सेवा |
| ४ | पशु आहारा | पटक | १ | बहुबर्षे/बर्षे/हिउँदे घाँस/हे/ पराल/ फिड सप्लिमेन्ट/ साईलेज/ डि.टि.एम.आर./एजोला/ यूरिया मोलासेस मिनरल ब्लक |
| ५ | वायो ग्यास प्लान्ट तथा भर्मि कम्पोष्ट पिट निर्माण | संख्या | १ | ८ घनमिटर र भर्मि कम्पोष्ट पिट-८×८ फिट |
| ६ | ईलेक्ट्रिक च्याफकटर | संख्या | १ | २ एच. पी. |
| ७ | साईलेज मेसिन/साईलो पिट/दाना बनाउने | संख्या | १ | मोटर अपरेटड साईलेज |

| | | | | |
|---|---|---|---|---|
| | मेसिन | | | कटिङ्ग र प्याकिङ्ग-३-४ ड्रम/ साईलो पिट- १०×१५ फिट/दाना बनाउने मेसिन-२ एच पी (न्यूनतम) |
| ८ | रबर म्याट | संख्या | २० | लम्बाई चौडाई ६×४ फिट, ३० कि.ग्रा. तौल र १७ एम.एम. मोटाई(न्युनतम) |
| ९ | सेड क्लिनिङ्ग पम्प/हाई प्रेसर वासर | संख्या | १ | १८०० वाट्ट |
| १० | व्हील ब्यारो | संख्या | २ | |
| ११ | पशुहरुको वीमा | पटक | १ | |
| १२ | पाडा पालन सम्वन्धि अभिमुखीकरण गोष्ठी | पटक | १ | १ दिने |

(१.३) बाख्रा/भेडा फार्म

| क्र.सं. | क्रियाकलाप (Activities) | ईकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | बाख्रा संख्या प्रति संस्था (न्यूनतम) | संख्या | ५० | अनुदानग्राहीको तर्फवाट हुनुपर्ने र न्यूनतम उमेर ६ महिना |
| २ | गोठको मर्मत/सुधार | संख्या | १ | भुँई, छाना, ट्रस, पर्खाल, |

| | | | | |
|---|---|---|---|---|
| | | | | डुँड, नाला, बायोसेक्यूरिटी गेट लगायत |
| ३ | पशु स्वास्थ्य सेवा | पटक | १ | परजिवी नियन्त्रण, खोप तथा पशु उपचार सेवा) |
| ४ | पशु आहारा | पटक | १ | बहुबर्षे/बर्षे/हिउँदे घाँस/हे/ पराल/ फिड सप्लिमेन्ट/ साईलेज/ डि.टि.एम.आर./एजोला/ यूरिया मोलासेस मिनरल ब्लक |
| ५ | नश्ल सुधार (उन्नत बोका) | संख्या | २ | न्यूनतम तौल ३० कि.ग्रा. |
| ६ | ईलेक्ट्रिक च्याफकटर/दाना बनाउने मेसिन | संख्या | १ | २ एच. पी. |
| ७ | ईलेक्ट्रिक वेईङ्ग मेसिन | संख्या | १ | १०० के.जी. क्षमता |
| ८ | व्हील ब्यारो | संख्या | २ | |
| ९ | पशुहरुको वीमा | पटक | १ | |
| १० | बाख्रापालन सम्वन्धि अभिमुखीकरण गोष्ठी | पटक | १ | १ दिने |

(१.४) बंगुर फार्म

| क्र.सं. | क्रियाकलाप (Activities) | ईकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | बंगुर संख्या प्रति फार्म (न्यूनतम) | संख्या | २० | अनुदानग्राहीको तर्फवाट |

| | | | | |
|---|---|---|---|---|
| | | | | हुनुपर्ने र न्यूनतम उमेर ६ महिना |
| २ | गोठको मर्मत/सुधार | संख्या | १ | भुँई, छाना, ट्रस, पर्खाल, डुँड, नाला, बायोसेक्यूरिटी गेट लगायत |
| ३ | पशु स्वास्थ्य सेवा | पटक | १ | परजिवी नियन्त्रण, खोप तथा पशु उपचार सेवा) |
| ४ | पशु आहारा | पटक | १ | बहुबर्षे/बर्षे/हिउँदे घाँस, हे, पराल, फिड सप्लिमेन्ट, साईलेज, यूरिया मोलासेस मिनरल ब्लक |
| ५ | नश्ल सुधार (उन्नत बीर) | संख्या | १ | न्यूनतम तौल ४० कि.ग्रा. |
| ६ | दाना बनाउने मेसिन | संख्या | १ | २ एच पी |
| ७ | ईलेक्ट्रिक वेईङ्ग मेसिन | संख्या | १ | १०० के.जी. क्षमता |
| ८ | व्हील ब्यारो | संख्या | २ | |
| ९ | पशुहरुको वीमा | पटक | १ | |
| १० | बंगुर पालन सम्वन्धी अभिमुखिकरण गोष्ठी | पटक | १ | १ दिने |

(२) लागत अनुमानमा अनुदानग्राहीले व्यहोर्नु पर्ने हिस्सा र कन्टिजेन्सी रकम समेत समाबेश गर्नु पर्नेछ। प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम कन्टिजेन्सी वापतको रकम कट्टा गरी निर्दिष्ट कार्यको प्रशासनिक खर्च, बैठक संचालन, स्थलगत निरीक्षण, भ्रमण, अनुगमन तथा मुल्याङ्कन, ईन्धन, ईस्टिमेटिङ्ग पारिश्रमिक, मर्मत आदि तथा विविध व्यवस्थापकिय प्रयोजनको लागि खर्च गर्न सकिनेछ।

(३) सम्झौतामा हस्ताक्षर भएको मिति भन्दा अगाडिका कार्यहरूका लागि अनुदानबाट प्राप्त रकम खर्च गर्न पाइने छैन। संचालित कार्यक्रमको इस्टीमेट गर्न स्थानीय/स्वीकृत दर रेट प्रयोग गर्नु पर्नेछ।

६. कार्यक्रम अवधि र कार्यक्रम स्थलको छनौटः (१) यो कार्यक्रम ५वर्ष सम्म संचालन गरिनेछ।पाँच वर्ष सम्म कार्यक्रम संचालन हुँदा पछिल्ला वर्षहरुमा सम्बन्धित सहभागिको आवश्यकता र कार्यक्रमको प्रभावकारिताका आधारमा विना साझेदारी फलोअप कार्यक्रम संचालन गरिनेछ।फलो अप कार्यक्रम संचालन गर्दा पशु स्वास्थ्य, नश्ल सुधार, पशु आहारा, बजारीकरण र सीप एवं जनचेतना अभिवृद्धि जस्ता कार्यक्रम संचालन गरिनेछ।

(२) कार्यक्रम संचालन गर्ने निकायले कार्यक्रम संचालन गर्न मधेश प्रदेशको स्थानीय तहहरुमा देहाय बमोजिमको प्राथमिकताको आधारमा छनौट गरी कार्यक्रम संचालन गर्नु पर्नेछ ।

(क) यी क्षेत्र वा स्थानिय तहहरु छनौट गर्दा बिगत देखि संचालनमा रहेका भैंसी, पाडा/पाडी, बाख्रा र बंगुर पकेट क्षेत्रहरु वा व्यवसायिक रुपले मासु उत्पादन, विविधिकरण र बजारीकरणको संभावना रहेका नँया क्षेत्रहरुमा पशु नश्ल सुधार, घाँसेवाली विकास, उत्पादित मासुको बजार, शहरीकरणको संभावना, पशु वस्तुहरुको हालको संख्या, मासु उत्पादनको परिमाण जस्ता विषयहरुलाई आधार बनाईनेछ ।

(ख) उद्देश्य अनुरुप कार्यक्रमको अत्यधिक सम्भाव्यता/आवश्यक्ता भएका स्थानीय तहहरुमा कार्यरत पशु पालक/कृषि सहकारी संस्थाहरु/मासु उत्पादनमा संलग्न संगठित कृषक समुह/समितहरुद्धारा संचालित फार्म र निजी व्यवसायिक पशु फार्महरु।

(ग) एक प्रकारको प्याकेजको लागी पर्याप्त संख्यामा निवेदन/प्रस्ताव नपरेमा वा छनौट नभएमा वा रद्द भई सो प्याकेजको कार्यक्रम संचालन हुने अवस्था नभएमा उक्त रकम अर्को प्रकारको प्याकेजमा लगानी गरी संचालन गर्न वाधा पर्ने छैन।

७. अनुदानग्राहीको योग्यताः यस मापदण्ड तथा संचालन विधि अनुरुप देहायका योग्यता पुगेका भैंसी, पाडा, बाख्रा र बंगुर पालक कृषक/कृषि सहकारी संस्थाहरु/मासु उत्पादनमा संलग्न संगठित कृषक समुह/समितिद्धारा संचालित फार्म/निजी व्यवसायिक फार्मले आवेदन दिन सक्नेछन् ।

(क) कार्यक्रम कार्यान्वयनको सम्भावना बोकेका क्षेत्रहरुमा बिगत देखि क्रियाशिल, सम्बन्धित निकायमा दर्ता भएका, करचुक्ता गरेका, पान नम्बर प्राप्त गरेका भैंसी, पाडा, बाख्रा/भेडा र बंगुर पालक कृषक/कृषि सहकारी संस्थाहरु/मासु उत्पादनमा संलग्न संगठित कृषक समुह/समितिद्धारा संचालित फार्म र निजी व्यवसायिक पशु फार्महरु।

(ख) बिगत तीन आ.ब.मा यस मन्त्रालय वा अन्तर्गतका निकायवाट अनुदान प्राप्त नगरेको।

८. मुल्याङ्गकन समितिः (१) कार्यक्रममा प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी सिफारीस गर्न देहाय वमोजिमको एक मूल्याङ्कन समिति रहनेछ।

(क) महाशाखा प्रमुख वा मन्त्रालय तोकेको कृषि सेवाका बरिष्ठ अधिकृत......................संयोजक

(ख) प्रतिनिधि, योजना तथा अनुगमन महाशाखा प्रमुख, मन्त्रालय.................................सदस्य

(ग) प्रतिनिधि, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय...........................................सदस्य

(घ) प्रतिनिधि,आर्थिक प्रशासन शाखा, मन्त्रालय......................................................सदस्य

(ङ) महाशाखा प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि,मन्त्रालय....................सदस्य सचिव

(२) मूल्याङ्कन समितिले आवश्यकतानुसार बढीमा तीनजना विषय विज्ञ वा सरोकारवाला निकायका अधिकृत प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) फारम नं. ४/५/६/७ वमोजिम स्थलगत निरिक्षण गर्न मन्त्रालय तथा मातहतका निकायका विषय विज्ञ कर्मचारीहरुको टोली वनाई खटाउने।

(ख) आवश्यकतानुसार मूल्याङ्कन तथा अन्य मापदण्डहरु तयार गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्ने ।

(ग) प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड वमोजिम मूल्याङ्कन गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्ने ।

९. गुनासो सुनुवाई समितिः(१) कार्यक्रम कार्यान्वयनको क्रममा प्राप्त गुनासो/उजुरीहरुको जाँचबुझ गरी सम्वोधन गर्न देहाय वमोजिमको एक गुनासो सुनुवाई समिति रहनेछ।

(क) सचिव, मन्त्रालय...........................................................संयोजक

(ख) प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय................सदस्य

(ग) प्रतिनिधि, पशुपंक्षी विकास महाशाखा.........................................सदस्य

१०. सम्झौता: (१)कार्यालयले तोकेको समय सीमा (७ दिन) भित्र सम्झौता फा.नं. ८ बमोजिम सम्झौता गरी कार्यदिश समेत दिनु पर्नेछ। सम्झौता गर्न नआउने वा सम्झौता गरी काबु भन्दा बाहिरको परिस्थिति बाहेकको सामान्य अवस्थामा १५ दिन भित्र काम शुरु नगर्ने अनुदानग्राहीको हकमा आयोजनाहरुलाई सुपरिवेक्षकको प्रतिवेदनको आधारमा रद्द गर्न सकिनेछ । साथै रद्द गरिएका अनुदानग्राहीको सट्टामा सम्पन्न गर्न सकिने भनि सुपरिवेक्षकको प्रतिवेदनको आधारमा क्रमशः योग्यताक्रमको सूची बमोजिमका बैकल्पिक उम्मेदवारसँग सम्झौता गरी कार्यक्रम संचालन गर्न वाधा पर्ने छैन ।

(२) अनुदानग्राहीले भौतिक निर्माणका कार्यक्रमहरु संचालन गर्दा निर्माण/मर्मत कार्यको स्टिमेट र कार्य सम्पन्न प्रतिबेदन सम्बन्धित प्राबिधिकबाट गराउनु पर्नेछ र मन्त्रालयलले सूपरिवेक्षक तोकी फा.नं. ९ अनुरुप कार्य सम्पन्न प्रतिवेदन तथा सुपरिवेक्षकको सिफारिसको आधारमा भूक्तानी दिनु पर्नेछ ।

११. भूक्तानी प्रक्रिया: (१) वार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधि भित्र रही कार्यक्रम सन्चालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकमको सिमा तोकिनेछ। सम्वन्धित साझेदार अनुदानग्राहीले शुरुमा आफ्नै लगानीबाट सम्झौता अनुसारका कार्य सम्पन्न गरी नियमानुसारका बिल/बिजक, कार्यालयले तोकेको सेवासँग सम्बन्धित प्राविधिकले पेश गरेको कार्य सम्पन्न प्रतिबेदन, अन्य आवश्यक कागजातहरु तथा कार्यक्रम सम्पन्न पश्चात् जग्गा, निवेदक र संचालित कार्यक्रम को गतिविधि देखिने गरी खिचिएको रंगीन फोटो पेश गरेपछि सम्बन्धित कार्यालयले स्थलगत निरिक्षण (कार्यसम्पन्न प्रतिवेदन फा.नं. ७) गरी मनासिब देखिएमा बिल/भरपाईका आधारमा सम्पन्न भएका कार्यहरुको अनुदानग्राही निजी व्यवसायिक पशु फार्म/समूह/समिति/सहकारी संस्थाको बैंकखाता मार्फत मात्र भुक्तानी दिनु पर्नेछ। भुक्तानी गरिने रकमबाट नियमानुसार कर वापतको रकम र तालिम/गोष्ठी संचालन बापतको रकम पशुपन्छी बिकास महाशाखा माफर्त खर्च हुने गरि बाँकी रकम मात्र भुक्तानी हुनेछ। यस प्राविधिक मापदण्ड तथा संचालन विधि र सम्झौता बमोजिम नभएको तथा निर्माण कार्य पुरा नभए सम्म अधुरो कामको भुक्तानी हुने छैन।

(२) स्वीकृत वार्षिक कार्यक्रममा उल्लेखित बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम कार्यक्रम संचालन गर्ने कार्यालयले अनुदानग्राहीलाई अनुदान रकम भुक्तानी गर्नु पर्नेछ।

१२. मासु मिसन कार्यक्रमका लागि खर्च गरीने विषयगत क्षेत्रहरुः यस कार्यक्रमबाट उपलब्ध गराईने रकमले गोठको निर्माण/मर्मत सुधार, पशु स्वास्थ्य सेवा (परजिवी नियन्त्रण, खोप तथा पशु उपचार सेवा), नश्ल सुधार,पशु आहारा(बहुबर्षे/बर्षे/हिउँदे घाँस/हे/ पराल/ फिड सप्लिमेन्ट/ साईलेज/ डि.टि.एम.आर./एजोला/ यूरिया मोलासेस मिनरल ब्लक आदि), पशुवस्तुलाई खाने पानी र घाँसखेतीको सिंचाई, साईलेज मेसिन, रबर म्याट, फिडर, ईलेक्ट्रिक च्याफकटर, तथा वेईङ्ग मेसिन लगायत खरिद, पाडा/ बाखा/भेडा/बंगुर पालन सम्बन्धी अभिमुखिकरण गोष्ठी र तालिम आदि जस्ता कार्यहरुमा खर्च गर्नु पर्नेछ।

१३. अनुगमन, निरीक्षण र मुल्याङ्कनः कार्यक्रमको मन्त्रालयबाट अनुगमन, निरीक्षण र मुल्याङ्कन गरिनेछ।

१४. सार्वजानिकीकरणः सम्पन्न भएका कार्यक्रमहरुको विवरण कार्यक्रम संचालन स्थल तथा कार्यालयमा सार्वजनिकीकरण गर्नु पर्नेछ।

१५. विविधः

अनुदानको सदुपयोगिताः अनुदानग्राहीले अनुदान रकमलाई कार्यक्रम संचालन विधिको उदेश्य अनुकूल मात्र प्रयोग गर्नुपर्ने छ।

१६. कार्यक्रममा हेरफेर तथा संशोधनः मन्त्रालयले आवश्यकता अनुसार यस प्राविधिक मापदण्ड तथा संचालन विधिमा हेरफेर तथा संशोधन गर्न सक्नेछ।

फाराम नं. १

**मासु मिसन कार्यक्रम सम्बन्धि प्रस्ताव आवह्ानको सूचना**

मधेश प्रदेश सरकार

भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

.......................................

...................

प्रस्ताव आह्ानको सूचना

प्रथम पटक प्रकाशित मिति २०....................................

प्रथम पटक प्रकाशित मिति २०..../.../....

यस ................................कार्यालयको आ.व. २०७ /.... को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम देहायको कार्यक्रम संचालनका लागि "मासु मिसन कार्यक्रमको प्राबिधिक मापदण्ड तथा संचालन विधि २०७८" ले तोके बमोजिमका शर्तहरु पालना गरी साझेदारी गर्न इच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्रमा प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेतयसै सूचनाद्वारा जानकारी गराईन्छ । थप जानकारीका लागि कार्यालयको फोन नं. ...................... मा सम्पर्क राख्न वा ................. वेभसाईटबाट "मासु मिसन कार्यक्रमको प्राबिधिक मापदण्ड तथा संचालन विधि, २०७८" डाउनलोड गर्न सकिने छ ।

**कार्यक्रमको विवरण**

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | जम्मा लक्ष्य परिमाण | अधिकतम अनुदान रकम (रु.)/प्रतिशत प्रति कार्यक्रम | कार्यक्रम संचालन हुने जिल्ला | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**देहायः** १)फा.नं.२ अनुसारको प्रस्ताव/आवेदन

२)आवेदकको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

३)आधिकारिक निकायमा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि

४)स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि

५)कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

६)समूह/समिति/सहकारी संस्थाको हकमा लेखा परिक्षणको प्रतिलिपि

७)फा.नं. ३ अनुसारको संक्षिप्त कार्ययोजना

८)समूह/समिति/सहकारी संस्थाको हकमा कार्य समितिको निर्णयको प्रतिलिपी

९)कार्यक्रम संचालन गर्नुपर्ने स्थानको जग्गाको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि

१०) बिगत तीन आ.ब.मा यस मन्त्रालयवा अन्तर्गतका निकायवाट अनुदान प्राप्त नगरेको स्वघोषणापत्र

पुनश्चः माग र उपलब्ध वजेट अनुसार लक्ष्य निर्धारण गरिनेछ। निवेदन/प्रस्तावको ढाँचा यस कार्यालयबाट वा कार्यालयको वेबसाईटबाट प्राप्त गर्न सकिनेछ ।

फाराम नं.२

**मासु मिसन कार्यक्रम संचालनका लागि दिईने आवेदन**

श्रीमान् प्रमुख ज्यू,

.....................................

विषयः मासु मिसन कार्यक्रमको कार्य योजना पेश गरेको सम्बन्धमा ।

महोदय,

हामीले/मैले यस मन्त्रालयको मिति.................................मा प्रकाशित सूचना अनुसार मासु मिसन कार्यक्रम संचालन गर्न ईच्छुक भएकोले त्यहाँबाट तोकिएको निर्धारित ढाँचामा कार्य योजना तयार गरी पेश गरिएको हुँदा यस कार्यक्रममा सहभागी भई निर्धारित प्रक्रिया एवं नियमानुसार अनुदान सहयोग पाउन सम्बन्धित जिल्ला भित्रै रही आवश्यक सम्पूर्ण कार्यहरु सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गर्दै तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखी पेश गरेका छौं ।

**तपसिल**

१)फा.नं.२ अनुसारको प्रस्ताव, पाना थान......

२)आवेदकको नेपाली नागरिकता प्रमाण पत्रको-प्रतिलिपि, पाना थान......

३)आधिकारिक निकायमा दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि, पाना थान......

४) स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रकोप्रतिलिपि, पाना थान......

५)कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि, पाना थान......

६)समूह/समिति/सहकारी संस्थाको हकमा लेखा परिक्षणको प्रतिलिपि

७)समूह/समिति/सहकारी संस्थाको हकमा कार्य समितिको निर्णयको प्रतिलिपी

८)कार्यक्रम संचालन गर्नुपर्ने स्थानको जग्गाको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपूर्जा समेत करार पत्र वा जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तीमा ५ बर्ष अवधि) सम्म, पाना थान......

९) बिगत तीन आ.ब.मा यस मन्त्रालयवा अन्तर्गतका निकायवाट अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र,पाना थान......

१०)अन्यआवश्यक कागजातहरुः.................पाना थान...... गरी कूल जम्मा पाना थान.........

११) सिलबन्दी खाम थान एक, लाहा छापको संख्या.......

नोटः पेश गरेको कागजातहरुमा (√) चिन्ह लगाउनु पर्ने छ ।

निवेदकको

नाम,थरः

पदः

फार्म/संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखत (लेखात्मक)

रेखात्मक

| दायाँ | वायाँ |
| --- | --- |
| | |

फाराम नं.३

**मासु मिसन कार्यक्रमको व्यवसायिक कार्य योजना**

नोट) : उल्लेखित बुदाँहरुलाई संक्षिप्त रुपमा वर्णन गर्नुपर्नेछ ।

**प्रस्ताबित कार्यक्रमको नामः** मासु मिसन कार्यक्रम

**१.संस्था र सम्पर्क व्यक्ति सम्बन्धि विवरण**

संस्था/फार्मको नामः

संस्था/फार्मको ठेगानाः

आवेदकको नाम, थरः

संस्था/फार्मको स्थापना भएको मितिः

दर्ता भएको निकाय र मितिः

टेलिफोन/मो.नः

सम्पर्क ब्यक्तिको मो.नः

प्रस्तावित कार्यक्रम कार्यान्वयन हुने स्थानः म.न.पा./उ.म.न.पा./न.पा./गा.पा.:

वार्ड नं. :

टोल:

**२.अनुदानग्राही संस्थाको अनुभव र अन्य विवरण**

| | |
|---|---|
| बिगतमा गरेका कामहरुको संक्षिप्त विवरण | |
| विद्यमान वित्तीय, मानविय र भौतिक श्रोतको विवरण | |

**३.समस्या, औचित्य, उद्देश्य तथा लाभान्वित घरपरिवार संख्या**

| | |
|---|---|
| आवेदकले भोगेका वा अनुभूत गरेका व्यवसायगत समस्याहरु | |
| ब्यवसायिक कार्य योजना किन र केका लागि पेश गरिएको हो | |
| प्रस्तावित कार्यक्रमको उद्देश्य | |
| लाभान्वित घरपरिवार संख्या (प्रत्यक्ष र अप्रत्यक्ष) | |

**४.कार्यक्रममा सहभागि हुने फार्मको विबरण**

| क्र.सं. | फार्मको नाम | ठेगाना | पशुको संख्या | घाँसेबालीको क्षेत्रफल (कठ्ठा) | बार्षिक मासु उत्पादन जिउँदो तौल (क्वीन्टल) | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |

**४. कार्यक्रम संचालन प्रकृया**

| | |
|---|---|
| प्रस्तावित कार्यक्रम कसरी संचालन गरिने हो | |

**५.अनुदानबाट हासिल हुने उपलब्धिहरु**

| | |
|---|---|
| कार्यक्षेत्र बिस्तार | |
| उत्पादन बृद्धि(मासिक/ बार्षिक परिमाण, मे.ट.) | |
| जिविकोपार्जन तथा जिवनस्तरमा सुधार | |
| रोजगारी तथा आर्थिक अवस्थामा सुधार | |

**६. प्रस्तावित कृयाकलापहरुको लागत अनुमानको विस्तृत विवरण**

| क्र.सं. | मुख्यमुख्य कृयाकलाप | अनुमानित लागत रकम रु | माग गरिएको अनुदान रकम रु | आवेदकको योगदान रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

**लागत प्रतिवद्धता**

प्रचलित कानूनले अयोग्य नठहरिएको, उक्त कार्यक्रम संचालन गर्न छनौट भएमा कार्य योजना र सम्झौता बमोजिम लागत साझेदारीमा आफ्नो आन्तरिक श्रोतबाट व्यहोर्ने, कार्यक्रम संचालन गर्न आवश्यक जग्गा.........................का लागि संरचना व्यवस्था गर्ने, प्रस्तावित कार्यक्रमको लागि अन्य कुनै निकायबाट बिगत ३ बर्ष भित्र आर्थिक सहयोग प्राप्त नगरेको, कार्यविधिको उद्देश्य अनुरुप अनुदान रकमको उपयोग गर्नेछु, यस प्रक्रिया अनुसार संचालन हुने कार्यक्रम, क्रियाकलाप र विकास गरिएका पूर्वाधार तथा सुविधाको प्रयोग तोकिए बमोजिमको प्रयोजनका लागि मात्र गर्नेछु र कार्यालयको पूर्व स्वीकृति बेगर तोकिएको संरचनाको कुनै प्रकारले फेरबदल वा स्वरुप परिवर्तन, सोको पुनर्निर्माण वा बिक्री वितरण कार्य गर्ने छैन, यस कार्यक्रमको उद्देशयसँग मेरो कुनै प्रकारको स्वार्थ नबाझिएको, यसमा उल्लेख गरिएका विवरण सत्य साँचो हो र संचालित क्रियाकलापबाट वातावरणलाई कुनै किसिमको असर नपुर्याउने प्रतिवद्धता व्यक्त गर्दछु ।

**प्रस्ताव पेश गर्नेको**

नाम थरः

पदः

फार्म/संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.

दस्तखत (लेखात्मक) रेखात्मक

| दायाँ | वायाँ |
|---|---|
| | |

स्थानिय तहको कृषि एवं पशुपन्छी हेर्ने शाखाको सिफारिसः

माथि उल्लेखित व्यहोराहरु उपयूक्त भएको हुँदा प्रस्ताव छनौट प्रक्रियामा निजको प्रस्ताव संलग्न गरि दिनु हुन सिफारिस साथ अनुरोध गर्दछु ।

सिफारिस गर्नेको

दस्तखतः

नामः

पदः

कार्यालयको छापः

फाराम नं. ४

## मासु मिसन कार्यक्रम संचालनका लागि ठुला पाडा फार्मको स्थलगत निरीक्षण तथा कार्ययोजना मूल्यांकन फाराम

निवेदकको नाम र ठेगानाः

फार्मको नामः फार्मको ठेगानाः टोलः

दर्तानं. दर्ता मितिः आ.व. सम्पर्क नं.

| क्र.स. | मुल्याङ्कन आधारहरु | अधिक्तम अंक | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | पशुको संख्या | **१५** | | न्यूनतम १ बर्ष उमेरको |
| | १०० भन्दा बढि | १५ | | |
| | ७५-१०० सम्म | १० | | |
| | ७५ भन्दा कम ५० सम्म | ५ | | |
| २. | घाँसेवाली लगाएको क्षेत्रफल | **१५** | | |
| | २ बिघा भन्दा माथि | १५ | | |
| | १-२ बिघा सम्म | १० | | |
| | १ बिघा भन्दा कम | ५ | | |
| ३. | फार्मको पशुवस्तुहरुलाई ड्रेन्चिंग र खोपको अवस्था | **१०** | | |
| | नियमित गर्ने गरेको | १० | | |
| | आवश्यक परेको बखत मात्र | ५ | | |
| ४. | तयारी पशु बिक्री वितरणको अवस्था | **१०** | | |
| | आफ्नै मासु व्यवसाय संचालन गरेको | १० | | |
| | मासु व्यवसायीसंग सम्झौता गरेको | **८** | | |
| | पशु हाट बजारमा विक्री गर्ने गरेको | ६ | | |

| | | | | |
|---|---|---|---|---|
| ५. | सम्बन्धित बिषयमा तालिम प्राप्त | **५** | | |
| | तालिम लिएको | ५ | | न्यूनतम १ हप्ताको |
| | तालिम नलिएको | ३ | | |
| ६. | फार्मसंग बाटोको पहूँच | **५** | | |
| | बाटोको पहूँच भएको | ५ | | |
| | बाटोको पहूँच नभएको | ३ | | |
| ७. | पशु बस्ने ठाँउको अवस्था | **५** | | |
| | प्राविधिक मापदण्ड अनुसार भएको | ५ | | |
| | प्राविधिक मापदण्ड भन्दा अपुग | ३ | | |
| ८. | फार्म संचालन गर्न कर्जाको अवस्था | **१०** | | |
| | लिएको | १० | | |
| | नलिएको | ७ | | |
| ९. | रोजगारीको अवस्था | **१०** | | न्यूनतम मासिक करार |
| | ३-५ जना | १० | | |
| | १-२ जना | ७ | | |
| १० | कार्ययोजना मूल्यांकन | **१५** | | |
| | उत्तम (स्पष्ट अवधारणा र सान्दर्भिक तथा सही सूचना र विश्लेषण | १५ | | |
| | सामान्य (सन्तोषजनक अवधारणा र सान्दर्भिक तथा सामान्य सूचना र विश्लेषण | १० | | |
| | जम्मा | १०० | | |

नोटः स्थलगत निरीक्षणको क्रममा कुनै प्राविधिक वा अप्राविधिक पक्षले समग्र व्यवसाय प्रस्तावनै असम्भव वा असान्दर्भिक देखिने अवस्थामा स्थलगत निरीक्षण समितिले स्पष्ट कारण खुलाई रद्द गर्न भनि सिफारिस गरेका व्यवसाय प्रस्तावलाई मूल्यांकनमा समावेश नगरिने ।

**स्थलगत मूल्यांकन समितिका पदाधिकारीहरुः**

| क्र.सं. | नाम | पद | कार्यालय | मोवाईल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

फारम नं.५

## मासु मिसन कार्यक्रम संचालनका लागि साना पाडा फार्मको स्थलगत निरीक्षण फाराम

निवेदकको नामर ठेगानाः

फार्मको नामः फार्मको ठेगानाः टोलः

दर्ता नं. दर्ता मितिः आ.व. सम्पर्क नं.

| क्र.स. | मुल्याङ्कन आधारहरु | अधिक्तम अंक | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | पशुको संख्या | **१२** | | न्यूनतम १ बर्ष उमेरको |
| | ५० भन्दा बढि | १२ | | |
| | ३०-५० सम्म | ९ | | |
| | ३० भन्दा कम २० सम्म | ६ | | |
| २. | घाँसेवाली लगाएको क्षेत्रफल | **१२** | | |
| | १ बिघा भन्दा माथि | १२ | | |
| | १ बिघा भन्दा कम | ९ | | |
| ३. | फार्मको पशुवस्तुहरुलाई ड्रेन्चिंग र खोपको अवस्था | **१०** | | |
| | नियमित गर्ने गरेको | १० | | |
| | आवश्यक परेको बखत मात्र | ५ | | |
| ४. | तयारी पशु बिक्री वितरणको अवस्था | **१०** | | |
| | आफ्नै मासु व्यवसाय संचालन गरेको | १० | | |
| | मासु व्यवसायीसंग सम्झौता गरेको | **८** | | |
| | पशु हाट बजारमा विक्री गर्ने गरेको | ६ | | |
| ५. | फार्म संचालन भएको अवधि | **१२** | | |

| | | | | |
|---|---|---|---|---|
| | ३ बर्ष वा माथि | १२ | | |
| | २ बर्ष | ९ | | |
| | १ बर्ष | ६ | | |
| ६. | सम्बन्धित बिषयमा तालिम प्राप्त | **८** | | न्यूनतम १ हप्ताको |
| | तालिम लिएको | ८ | | |
| | तालिम नलिएको | ५ | | |
| ७. | फार्मसंग बाटोको पहूँच | **८** | | |
| | बाटोको पहूँच भएको | ८ | | |
| | बाटोको पहूँच नभएको | ५ | | |
| ८. | पशु बस्ने ठाँउको अवस्था | **८** | | |
| | प्राविधिक मापदण्ड अनुसार भएको | ८ | | |
| | प्राविधिक मापदण्ड भन्दा अपुग | ५ | | |
| ९. | फार्म संचालन गर्न कर्जाको अवस्था | **१०** | | |
| | लिएको | १० | | |
| | नलिएको | ७ | | |
| १०. | रोजगारीको अवस्था | **१०** | | न्यूनतम मासिक करार |
| | ३-५ जना | १० | | |
| | १-२ जना | ७ | | |
| | जम्मा | १०० | | |

नोटः स्थलगत निरीक्षणको क्रममा कुनै प्राविधिक वा अप्राविधिक पक्षले समग्र व्यवसाय प्रस्तावनै असम्भव वा असान्दर्भिक देखिने अवस्थामा स्थलगत निरीक्षण समितिले रद्द गर्न भनि सिफारिस गरेका व्यवसाय प्रस्तावलाई मूल्यांकनमा समावेश नगरिने ।

**स्थलगत मूल्यांकन समितिका पदाधिकारीहरुः**

| क्र.सं. | नाम | पद | कार्यालय | मोबाईल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

फारम नं.६

## मासु मिसन कार्यक्रम संचालनका लागि बाख्रा फार्मको स्थलगत निरीक्षण फाराम

निवेदकको नामर ठेगानाः

फार्मको नामः फार्मको ठेगानाः टोलः

दर्ता नं. दर्ता मितिः आ.व. सम्पर्क नं.

| क्र.स. | मुल्याङ्कन आधारहरु | अधिक्तम अंक | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | पशुको संख्या | **१२** | | न्यूनतम ६ महिना उमेरको |
| | १०० भन्दा बढि | १२ | | |
| | ७५-१०० सम्म | ९ | | |
| | ७५ भन्दा कम ५० सम्म | ६ | | |
| २. | फार्म संचालन भएको अवधि | **१२** | | |
| | ३ बर्ष वा माथि | १२ | | |
| | २ बर्ष | ९ | | |
| | १ बर्ष | ६ | | |
| ३. | घाँसेवाली लगाएको क्षेत्रफल | **१२** | | |
| | १ बिघा भन्दा माथि | १२ | | |
| | १ बिघा भन्दा कम | ९ | | |
| ४. | फार्मको पशुवस्तुहरुलाई ड्रेन्चिंग र खोपको अवस्था | **१०** | | |
| | नियमित गर्ने गरेको | १० | | |
| | आवश्यक परेको बखत मात्र | ५ | | |
| ५. | तयारी पशु बिक्री वितरणको अवस्था | **१०** | | |

| | | | | |
|---|---|---|---|---|
| | आफ्नै मासु व्यवसाय संचालन गरेको | १० | | |
| | मासु व्यवसायीसंग सम्झौता गरेको | ८ | | |
| | पशु हाट बजारमा विक्री गर्ने गरेको | ६ | | |
| ६. | सम्बन्धित बिषयमा तालिम प्राप्त | ८ | | न्यूनतम १ हप्ताको |
| | तालिम लिएको | ८ | | |
| | तालिम नलिएको | ५ | | |
| ७. | फार्मसंग बाटोको पहूँच | ८ | | |
| | बाटोको पहूँच भएको | ८ | | |
| | बाटोको पहूँच नभएको | ५ | | |
| ८. | पशु बस्ने ठाँउको अवस्था | ८ | | |
| | प्राविधिक मापदण्ड अनुसार भएको | ८ | | |
| | प्राविधिक मापदण्ड भन्दा अपुग | ५ | | |
| ९. | फार्म संचालन गर्न कर्जाको अवस्था | १० | | |
| | लिएको | १० | | |
| | नलिएको | ७ | | |
| १०. | रोजगारीको अवस्था | १० | | न्यूनतम मासिक करार |
| | ३-५ जना | १० | | |
| | १-२ जना | ७ | | |
| | जम्मा | १०० | | |

नोटः स्थलगत निरीक्षणको क्रममा कुनै प्राविधिक वा अप्राविधिक पक्षले समग्र व्यवसाय प्रस्तावनै असम्भव वा असान्दर्भिक देखिने अवस्थामा स्थलगत निरीक्षण समितिले रद्द गर्न भनि सिफारिस गरेका व्यवसाय प्रस्तावलाई मूल्यांकनमा समावेश नगरिने ।

**स्थलगत मूल्यांकन समितिका पदाधिकारीहरुः**

| क्र.सं. | नाम | पद | कार्यालय | मोवाईल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

फारम नं.७

# मासु मिसन कार्यक्रम संचालनका लागि बंगुर फार्मको स्थलगत निरीक्षण फाराम

निवेदकको नामर ठेगानाः

फार्मको नामः फार्मको ठेगानाः टोलः

दर्ता नं. दर्ता मितिः आ.व. सम्पर्क नं.

| क्र.स. | मुल्याङ्कन आधारहरु | अधिक्तम अंक | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | पशुको संख्या | **१२** | | न्यूनतम ६ महिना उमेरको |
| | ५० भन्दा बढि | १२ | | |
| | ३०-५० सम्म | ९ | | |
| | ३० भन्दा कम २० सम्म | ६ | | |
| २. | फार्म संचालन भएको अवधि | **१२** | | |
| | ३ बर्ष वा माथि | १२ | | |
| | २ बर्ष | ९ | | |
| | १ बर्ष | ६ | | |
| ३. | फार्मको जैविक सुरक्षाको अवस्था | **१२** | | |
| | जैविक सुरक्षाको उपाय अवलम्वन भएको | १२ | | |
| | जैविक सुरक्षाको उपाय अवलम्वन नभएको | ९ | | |
| ४. | फार्मको पशुवस्तुहरुलाई ड्रेन्चिंग र खोपको अवस्था | **१०** | | |
| | नियमित गर्ने गरेको | १० | | |
| | आवश्यक परेको बखत मात्र | ५ | | |
| ५. | तयारी पशु बिक्री वितरणको अवस्था | **१०** | | |

| | | | | |
|---|---|---|---|---|
| | आफ्नै मासु व्यवसाय संचालन गरेको | १० | | |
| | मासु व्यवसायीसंग सम्झौता गरेको | ८ | | |
| | पशु हाट बजारमा विक्री गर्ने गरेको | ६ | | |
| ६. | सम्बन्धित बिषयमा तालिम प्राप्त | **८** | | न्यूनतम १ हप्ताको |
| | तालिम लिएको | ८ | | |
| | तालिम नलिएको | ५ | | |
| ७. | फार्मसंग बाटोको पहूँच | **८** | | |
| | बाटोको पहूँच भएको | ८ | | |
| | बाटोको पहूँच नभएको | ५ | | |
| ८. | पशु बस्ने ठाँउको अवस्था | **८** | | |
| | प्राविधिक मापदण्ड अनुसार भएको | ८ | | |
| | प्राविधिक मापदण्ड भन्दा अपुग | ५ | | |
| ९. | फार्म संचालन गर्न कर्जाको अवस्था | **१०** | | |
| | लिएको | १० | | |
| | नलिएको | ७ | | |
| १०. | रोजगारीको अवस्था | **१०** | | न्यूनतम मासिक करार |
| | ३-५ जना | १० | | |
| | १-२ जना | ७ | | |
| | जम्मा | १०० | | |

नोटः स्थलगत निरीक्षणको क्रममा कुनै प्राविधिक वा अप्राविधिक पक्षले समग्र व्यवसाय प्रस्तावनै असम्भव वा असान्दर्भिक देखिने अवस्थामा स्थलगत निरीक्षण समितिले रद्द गर्न भनि सिफारिस गरेका व्यवसाय प्रस्तावलाई मूल्यांकनमा समावेश नगरिने ।

**स्थलगत मूल्यांकन समितिका पदाधिकारीहरुः**

| क्र.सं. | नाम | पद | कार्यालय | मोवाईल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

फाराम नं.८

# मासु मिसन कार्यक्रम संचालनार्थ द्विपक्षिय सम्झौता-पत्र

..........................(यस पछि पहिलो पक्ष भन्निने) को आ.व. ............को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मासु मिसन कार्यक्रम संचालन गर्न (आवेदन दर्ता नं....., दर्ता मिति ..........., दर्ता गर्ने निकाय ........... भएको) श्री ............................................ (यस पछि दोस्रो पक्ष भन्निने) कृषि क्षेत्रमा अनुदान परिचालन (पहिलो संशोधन) कार्यविधि, २०७७ र यस कार्यक्रमको प्राबिधिक मापदण्ड तथा संचालन विधि, २०७८ अनुसार छनौटमा परेकोले पहिलो पक्षबाट स्वीकृत लागत ईस्टिमेट बमोजिम कार्यक्रम संचालन गर्न अनुमति दिईएकोले तपसिल बमोजिमका रोहवर तथा शर्तहरुका अधिनमा रही दोस्रो पक्षले तोकिएको समय भित्र कार्य प्रारम्भ र सम्पन्न गर्न सहमति भई पहिलो र दोस्रो पक्ष बिच यो सम्झौता पत्रमा दस्तखत गरी एक-एक प्रति आपसमा लियौं/दियौं।

**तपसिल**

१. मासु मिसन कार्यक्रम................जिल्ला ................ महा/उपमहा/नगर/गाउँपालिका ............नं. वडाको ................ गाउँ/टोलमा मिति ............... सम्ममा सम्पन्न गरिनेछ।

२. प्रथम पक्षले मासु मिसन कार्यक्रम संचालनको लागि दोश्रो पक्षले पेश गरेको व्यवसाय योजना बमोजिम देहायका कृयाकलापहरुका लागि अनुदान उपलब्ध गराउने छ।

| क्र.स. | कृयाकलाप विवरण | अनुमानित लागत रु | प्रथम पक्षले व्यहोर्ने रु | दोश्रो पक्षले व्यहोर्ने रु |
|---|---|---|---|---|
| | जम्मा | | | |

अक्षरेपी:

३. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव बमोजिमको लागत ईष्टिमेट अनुसारका सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारीत समय भित्र सम्पन्न गर्नु पर्नेछ।

४. कार्यक्रम कार्यान्वयनका लगि आवश्क निर्माण सम्बन्धि डिजाईन, ईष्टीमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन्न प्रतिवेदन लगायतका सबै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, संचालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

५. दोश्रो पक्षले सुरुमा आफ्नो लगानीबाट कार्य सुरवात गरि सम्पन्न भएको कार्यको मान्यता प्राप्त प्राविधिकले तयार गरेको नियमानुसारको बिल, रनिङ्ग विल, मेजरमेन्ट बुक, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि पेश गरे पाश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा कार्य सम्पन्न भएको अवस्थामा नियमानुसार अनुदान रकमको भुक्तानी प्रथम पक्षले गर्नेछ ।

६. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको अनुगमन गर्न र आवश्यक सुझाव दिन सक्नेछ।

७. कार्यक्रम संचालनको दौरान वा सम्पन्न भए पश्चातको संचालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनको लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ।

८. दोश्रो पक्षले कार्यक्रम संचालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होर्डीङ्ग बोर्ड राख्नु पर्नेछ।

९. कार्यक्रम संचालनका दौरानमा कुनै कुरा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१०. सम्झौतामा उल्लेख हुन छुटेका अन्य विषयको हकमा यस कार्यक्रम संचालन विधि र प्रचलित कानून अनुसार हुनेछ ।

११. पहिलो पक्षको कार्यक्रम अवधि समाप्त भएपछि पनि दोस्रो पक्षले कार्यक्रमलाई निरन्तरता दिनु पर्नेछ।

१२.दोश्रो पक्षले आंशिक रुपमा सम्पन्न गरेको कार्य वापत प्रथम पक्षले भूक्तानी गर्ने छैन।

१३. दोश्रो पक्षले गरेको कार्यक्रम सम्वन्धि कार्यसम्पादन संतोषजनक नपाईएमा पहिलो पक्षले सम्झौता भंग गर्न सक्नेछ र सो बिरुद्ध दोश्रो पक्षले उजुरवाजुर गर्ने छैन।

१४.दोस्रो पक्षले नियमित रुपमा मासिक/चौमासिक र वार्षिक प्रगति पहिलो पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

| प्रथम पक्ष | दोश्रो पक्ष |
|---|---|
| | दस्तखः (लेखात्मक) (रेखात्मक) |
| दस्तखत : | दायाँ / वायाँ |
| नामः | |
| पदः | नामः |
| कार्यालयः | नागरिकता प्रमाणपत्र नंः. |
| मोवाईल नं. | पदः |
| कार्यालयको छापः | ठेगानाः |

<table>
<tr><td></td><td>मोवाईल नं.<br><br>संस्थाको छाप :</td></tr>
<tr><td>रोहवर<br><br>सहीः<br><br>नामः<br><br>पदः<br><br>मोवाईल नं.</td><td>रोहवरः<br><br>सहीः<br><br>नाम :<br><br>पद/ठेगानाः<br><br>मोवाईल नं.</td></tr>
<tr><td colspan="2">ईति सम्वत ...............................................</td></tr>
</table>

फाराम नं.९

# मासु मिसन कार्यक्रम संचालनको कार्य सम्पन्न प्रतिवेदन

१. आवेदकको नामः

२. स्थायी ठेगानाः

३ आ.व.:

४. दर्ता न.: दर्ता मितिः

५. कार्यक्रम संचालन हुने स्थलः

६. परियोजना स्थलको चार किल्ला/जि.पि.एस. कोडः

७. कार्य सम्झौता मितिः

८. कार्य सम्पन्न मितिः

९. लागत स्टिमेट रकमः

१०. कार्य सम्पन्न विल रकम :

११. घटी/बढीः

| सि.नं. | कार्य विवरण | ईकाई | ईष्टिमेट अनुसारको | | | सम्पादित कार्य | | | सम्पादित परिमाणमा फरक | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर (रु.) | जम्मा रकम (रु.) | परिमाण | दर (रु.) | जम्मा रकम (रु.) | परिमाण | रकम (रु.) | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |

**पेश गर्ने प्राविधिक**

दस्तखतः
नाम, थरः
पदः
कार्यालयको नामः
मोवाईल नं.
मितिः

**जांच गर्ने प्राविधिक**

दस्तखतः
नाम, थरः
पदः
कार्यालयको नामः
मोवाईल नं.
मितिः

**स्वीकृत गर्ने अधिकारी**

दस्तखतः
नाम, थरः
पदः
कार्यालयको नामः
मोवाईल नं.
मितिः

फाराम नं.१०

# मासु मिसन कार्यक्रमको मासिक/चौमासिक प्रगति विवरण

संस्थाको नाम र ठेगानाः

सदस्य संख्याः

| क्र.सं. | क्रियाकलापको विवरण | ईकाई | परिमाण | थप / घट |
|---|---|---|---|---|
| १. | पाडा/बाखा/भेडा/बंगुर | संख्या | | |
| २. | मासु उत्पादन (जिउँदो तौल) | कि.ग्रा. | | |
| ३. | घाँसेवाली लगाएको क्षेत्रफल | बिघा | | |
| ४. | पशुको उपचार सेवा | पटक | | |
| ५. | कृत्रिम/प्राकृतिक गर्भाधान | पटक | | |

| | |
|---|---|
| तयार गर्ने | सदर गर्ने |
| ...................... | ...................... |
| नाम, थरः | नाम, थरः |
| पदः | पदः |

फारम नं. ११

<u>दोहोरो अनुदान नलिएको स्वःघोषणा</u>

श्रीमान् प्रमुखज्यू,

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

मधेश प्रदेश,

......................................

............................................ को आर्थिक बर्ष २० ........./..........स्वीकृत कार्यक्रम अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गतका निकायवाट प्रदान गरिने रकम/सामग्री/उपकरण/अन्य बस्तु लिन इच्छुक रहेकोले दोहोरो पर्ने गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गतका निकायवाट प्रदान गरिएको रकम/सामग्री/उपकरण/अन्य बस्तु मैले /हामीले /मेरो /हाम्रो एकाघर परिवारले विगत ३ आर्थिक बर्षमा नलिएको स्वःघोषणा गर्दछु। यदि मैले वा हामीले वा संस्था वा समूह वा सहकारी वा कम्पनीले दोहोरो पर्ने गरी लिएको खण्डमा मेरो वा हाम्रो वा संस्था वा समूह वा सहकारी वा कम्पनीको सम्पतीबाट नियमानुसार व्यक्तिगत/संस्थागत असुल उपर भएमा मेरो /हाम्रो कुनै दाबी हुने छैन।

हस्ताक्षरः

नाम थरः

ठेगानाः

सम्पर्क नंः

ईमेलः

## अनुसूचि १

## पशु बस्ने ठाँउको विवरण

| सि नं | पशुको किसिम | आवश्यक बस्ने ठाँउ/पशु | कैफियत |
|---|---|---|---|
| १ | पाडा | ५×१० फिट | |
| २ | बाखा/भेडा | २×४ फिट | |
| ३ | बंगुर | ५×७ फिट | |